**प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. को सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण :**

**विवरण सार्वजनिक गरेको अवधि : २०८२/०७/०१ देखि २०८२/०९/३० सम्म**

१. **निकायको स्वरुप र प्रकृति :** कम्पनी ऐन, २०६३, बमोजिम मिति २०७९/०९/१२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई (दर्ता नं ३०४४८०/०७९/०८०), बीमा ऐन, २०७९ को दफा ७६ बमोजिम मिति २०७९/१२/२८ मा नेपाल बीमा प्राधिकरणबाट लघु बीमकको प्रमाण पत्र प्राप्त गरी स्थापना भएको लघु निर्जीवन बीमा कम्पनी हो ।

२. **निकायको काम कर्तव्य र अधिकार :** बीमा ऐन, २०७९, बीमा नियमावली, २०८१, कम्पनी ऐन, २०६३, लघु बीमा निर्देशिका, २०७९, कम्पनीको प्रवन्धपत्र तथा नियमावली, प्रचलित कानुन, नियम तथा निर्देशिकाहरुको अधिनमा रहि लघु बीमा व्यवसाय गर्ने ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** आ.व. २०८२/०८३ को पौष मसान्त सम्ममा यस कम्पनीमा कार्यरत कर्मचारीहरुको संख्या १०८ जना रहेको छ । विभिन्न विभागहरु गठन गरी कम्पनीले तोकेको कार्य बिभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ । व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली कम्पनीको वेबसाइट www.protectivemicro.com मा उपलब्ध छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :** बीमा ऐन, २०७९, बमोजिम लघु बीमा कम्पनीले प्रदान गर्न सक्ने सम्पुर्ण निर्जीवन बीमा सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** मिति २०८२/०८३ को पौष गते सम्म यस कम्पनीको प्रधान कार्यालय धनगढी ०३, कैलाली र देशभर बिभिन्न स्थानहरुमा गरी जम्मा ३८ वटा कार्यालयहरु मार्फत लघु निजीवन बीमा सेवा प्रदान गरिदै आएको छ । सेवा प्रदान गर्ने शाखा, उप-शाखा तथा जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेबसाइट www.protectivemicro.com मा रहेको छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :** बीमालेख तथा अधिकर्ता इजाजतपत्रको हकमा बीमा ऐन, २०७९, बीमा नियमावली, २०८१ म भएको व्यवस्था बमोजिम नेपाल बीमा प्रधिकरणले तोकेको दर तथा कम्पनीको जेखिमाङ्कन विभागबाट निर्धारण गरे बमोजिम रहेको छ । अवधिको हकमा बीमालेखको प्रकार तथा ग्राहकको आवश्यकता अनुसार बीमाशुल्क भुक्तान गरेपछी तत्काल उपलब्ध गराइनेछ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :** विषय बस्तुको प्रकृति हेरी शाखा/उपशाखा प्रवन्धक, विभागीय प्रमुख, विभिन्न उपसमिति, प्रमुख कार्यकारी अधिकृत र संचालक समितिले निर्णय गर्नेछ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** ग्राहकको गुनासो सुन्न तथा उजुरी गर्नको लागि बिषय बस्तुको प्रकृतिको आधारमा कम्पनी सचिव राजेन्द्र पाठकलाई उजुरी सुन्ने अधिकारीको रुपमा तोकिएको छ ।

९. **सम्पादन गरेको कामको विवरण :** कम्पनीले हाल नेपाल बीमा प्राधिकरणबाट स्वीकृत लघु बीमालेखहरु मात्र बिक्री गरिरहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :** कार्यालय प्रमुखको नाम : श्री नरेश कुमार रोका, प्रमुख कार्यकारी अधिकृत, सूचना अधिकारीको नाम : श्री राजेन्द्र प्रसाद पाठक, अधिकृत ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :** बीमा ऐन, २०७९, बीमा नियमावली २०८१, कम्पनी ऐन, २०६३, सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ तथा नियमावली २०८१, आयकर ऐन, २०५८, श्रम ऐन, २०६४, बोनस ऐन, २०३०, मुल्य अभिबृद्धि कर ऐन, २०५२, सो ऐन अन्तर्गत बनेका नियम, विनियम, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०, सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्वन्धी निर्देशन, २०८२, लघु बीमा निर्देशिका, २०७९, बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९, बीमा दाबी भुक्तानी मार्गदर्शन, २०८१, बीमकको लगानी सम्बन्धी निर्देशन, २०८२ तथा नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका निर्देशिका, परिपत्रहरु ।

**१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :** कम्पनीको आम्दानी खर्च, तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गरिएको छ र यस कम्पनीको वेबसाइट www.protectivemicro.com मा समेत रहेको छ ।

**१३. तोकिए बमोजिमका अन्य विवरण :** नभएको ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भएमा सो को विवरण** : अभिकर्ता तालिम, संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी, बीमा सचेतना सम्वन्धी, कर्मचारीहरुको तालिम लगायत विविध कार्यक्रमहरु ।

**१५. निकायको वेबसाइट भए सो को बिवरण** www.protectivemicro.com

**१६. निकायले प्राप्त गरेको वैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** नभएको

**१७. सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विवरण** : यस अवधीमा निवेदन मार्फत सूचना माग नभएको तथा टेलिफोन लगायत अन्य माध्यमबाट माग भएका सूचनाहरु आवश्यकताअनुसार उपलब्ध गराइएको ।

**१८. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन :** त्रैमासिक आर्थिक विवरणहरु, कम्पनीको काम कारवाही सम्वन्धी सूचनाहरु, कम्पनीको वार्षिक साधारण सभा सम्वन्धी सूचना, राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिएको तथा कम्पनीको वेबसाइटमा समेत राखिएको छ ।

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड
धनगढी ३ कैलाली ।
फोन नं ०९१- ५९०७०७, ०१-५९१६७९०
Email: info@protectivemicro.com